घोराही उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प.स०७८।०७९
च.न. १२२

मिति:२०७८।०४।४

विषय : लैगिक हिंसा तथा बालमैत्री घोषणा सम्वन्धमा ।

श्री महाशाखा/ शाखा प्रमुख ज्यु
......

उपरोक्त सम्वन्धमा,घोराही उपमहानगरपालिकालाई सन २०२२ सम्म बालमैत्री तथा लैंगिक हिंसा नियन्त्रीत उपमहानगरपालिका घोषणा गर्ने भनि नगरसभावाट पास भएको कुरा सर्वविधितै छ ।

घोराही उपमहानगरपालिकाको मिति २०७८।३।२० गते सम्पन्न कार्यक्रमको निर्णय अनुसार घोराही उपमहानगरपालिकालाई ०७८ फागुन मसान्त सम्ममा बालमैत्री तथा लैंगिक हिंसा नियन्त्रीत उपमहानगरपालिका घोषणा गर्ने कार्यक्रम रहेकोले महाशाखा शाखा वाट वजेट व्यवस्थापन गरी सम्वन्धित वडाहरुसंग समेत समन्वय गरी पत्र साथ सलग्न सूचकमा आधारित कार्यक्रम संचालन गरी सुचक पुरा गर्न सहयोग गर्नुहुन अनुरोध छ ।

..........................
ऋषिराम के.सी
प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अ...

Scanned with CamScanner

घोराही उप-महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
घोराही, दाङ, लुम्बिनी प्रदेश, नेपाल

फोन-फ्याक्स : ०८२-५६०१६२
५६०२४३
५६१२६८
५६०७००
वारुण यन्त्र : ०८२-५६०४९९
www.ghorahimun.gov.np

प.स०७८।०७९
च.न : 423

मति:२०७८।०४।४

विषय : लैगिक हिंसा तथा बालमैत्री घोषणा सम्वन्धमा ।

श्री अध्यक्ष ज्यु
...... वडाको वडा कार्यालय

उपरोक्त सम्वन्धमा,घोराही उपमहानगरपालिकालाई सन २०२२ सम्म बालमैत्री तथा लैंगिक हिंसा नियन्त्रीत उपमहानगरपालिका घोषणा गर्ने भनि नगरसभावाट पास भएको कुरा सर्वविधितै छ ।

घोराही उपमहानगरपालिकाको मिति २०७८।३।२० गते सम्पन्न कार्यक्रमको निर्णय अनुसार घोराही उपमहानगरपालिकालाई ०७८फागुन मसान्त सम्ममा बालमैत्री तथा लैंगिक हिंसा नियन्त्रीत उप महानगरपालिका घोषणा गर्ने कार्यक्रम रहेकोले आ-आफ्ना वडामा वजेट विनियोजन गरी सम्वन्धित शाखाहरुसंग समेत समन्वय गरी पत्र साथ सलग्न सूचकमा आधारित कार्यक्रम संचालन गरी सुचक पुरा गर्न सहयोग गर्नुहुन अनुरोध छ ।

..................
ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम के.सी.
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

# बालमैत्री वडा घोषणाका लागि पूरा गर्नुपर्ने सूचकहरु :

**१ : बाल बचाउका सूचकहरु**

- ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएको (आमाको दूध मात्रै खुवाउने) हुनुपर्ने ।
- १ वर्षभित्रका बालबालिकाले पूर्ण रुपमा खोप - बि. सि. जि.,डिपिटी, हेपटाइटिस बि, हिब ३, पोलियो, दादुरा, मात्रा) पाएको हुनुपर्ने ।
- ६ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल र २ देखि ५ वर्ष सम्मका बालबालिकालाई जुकाको औषधी खुवाएको हुनुपर्ने ।
- गर्भवती आमाको दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएको हुनुपर्ने ।
- गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएको हुनुपर्ने ।
- गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएको हुनुपर्ने ।
- गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएको हुनुपर्ने ।
- एच् आई भी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाहरुलाई ARV Prophylaxis औषधी दिएको हुनुपर्ने ।
- सबै घरधुरीमा खानेपानीको सुविधा हुनुपर्ने ।
- साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनुपर्ने (चर्पी गएपछि, खाना खानु अगाडी र बालबालिकाको दिसा धोए पछि) ।

**थप सूचकहरु :**

१. बालबालिकामा हुने अति कडा कुपोषण (SAM) र मध्यम कुपोषण उल्लेख्य रुपमा कमि आएको (MAM) हुनुपर्ने ।
२. पाँच वर्ष मुनिका बालबालिकाहरूमा पुड्कोपन, कमतौल, ख्याउटेपन हुनेको प्रतिशतमा कमि आएको हुनुपर्ने ।
३. सबै घरमा आयोडिनयुक्त नुन प्रयोग भएको हुनुपर्ने ।

**२ : बाल संरक्षणका सूचकहरु**

- ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनुपर्ने ।
- बाल विवाहको संख्यामा कमी आएको हुनुपर्ने ।
- निकृष्ट प्रकारको बालश्रम दर घटेको हुनुपर्ने,
- घरपरिवार र समुदायबाट बालबालिका विरुद्ध हुने हिंसा, बेचबिखन, शोषण, दुर्व्यवहार जस्ता घरेलु हिंसा कम गर्ने कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याएको हुनुपर्ने ।
- बाल संरक्षण सम्बन्धी समुदायमा आधारित बाल संरक्षण प्रणालीलाई संचालनमा ल्याएको हुनुपर्ने ।

**३ : बाल विकासका सूचकहरु**

- ३ वर्ष उमेर पुगेका बालबालिकाहरु प्रारम्भिक बालविकास कक्षामा भर्ना भएका हुनुपर्ने,

Scanned with CamScanner

- कक्षा १ को लागि विद्यालय जाने उमेर समूहको शतप्रतिशत बालबालिकाहरु विद्यालय भर्ना भएका हुनुपर्ने,
- ५ देखि १२ बर्ष उमेर समूहका बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पाएका हुनुपर्ने ।
- औपचारिक शिक्षाबाट वंचित बालबालिकाको लागि अनौपचारिक शिक्षा प्राप्त गर्ने व्यवस्था भएको हुनुपर्ने ।
- प्रत्येक विद्यालयमा छात्र छात्रा को लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनुपर्ने ।
- प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्वन्धी कार्यक्रम संचालन गरेको हुनुपर्ने

## थप सूचकहरु :

१. प्रत्येक विद्यालयहरुमा फोहोरहरुको बर्गिकरण गरि अन्तिम विसर्जनको उचित व्यवस्थापन हुनुपर्ने ।

## ४ : बाल सहभागिताका सूचकहरु :

- स्थानीय तहको निर्णय प्रक्रियामा १२ देखि १८ वर्षसम्मका बालबालिकाहरुको संस्थागत सहभागिताको संयन्त्र विकास गरी सहभागी गराएको हुनुपर्ने,
- स्थानीय तहले संचालन गर्ने योजनामा बालबालिकाको आवाज समेटिएको हुनुपर्ने,
- स्थानीय विद्यालय व्यवस्थापन समितिमा बाल क्लवको आवाज सुनिने व्यवस्था गरेको हुनुपर्ने,
- स्थानीय स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लवको प्रतिनिधित्व हुनुपर्ने,
- प्रत्येक वडामा बाल समूह गठन भै क्रियाशील रहेको हुनुपर्ने ।
- जिल्ला, नगर तथा गाँउ तहमा बाल संजाल गठन भएको हुनुपर्ने ।

## ५ : संस्थागत सूचकहरु :

- स्थानीय तहको सभा तथा बैठक नियमित रुपमा संचालन भएको हुनेछ
- स्थानीय तहले आफ्नो लागि बालमैत्री व्यवहार, आचार संहिता, विनियम, निर्देशिका तथा कार्यविधिहरु तर्जुमा गरी पूर्ण रुपमा कार्यान्वयनमा ल्याएका हुनेछन्
- स्थानीय तहमा बालमैत्री स्थानीय शासन प्रवर्द्धन समिति गठन भएको हुनेछ ।
- स्थानीय विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति क्रियाशील रहनेछन् ।
- स्थानीय स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य व्यवस्थापन समिति क्रियाशील रहनेछन्
- स्थानीयस्तरमा बाल विकास केन्द्र, बाल कक्षा तथा पूर्व प्राथमिक कक्षाहरु संचालन भएका हुनेछन्
- स्थानीयस्तरमा बाल क्लवहरुको सक्रियता रहनेछ
- स्थानीयस्तरमा महिला समूहहरुको सक्रियता रहनेछ र यस्ता समितिहरु बाल अधिकार संरक्षण र सम्वर्द्धनमा क्रियाशील रहनेछन्
- स्थानीयस्तरमा बाल संजाल विकास भएको हुनेछ र जिल्लास्तरसम्म उनीहरुको प्रतिनिधित्व रहनेछ
- बालबालिका सम्वन्धी स्थितीपत्र तयारी तथा प्रकाशन र अद्यावधिक गर्ने
- जिल्ला, नगर तथा गाउँ विकास योजनामा बालबालिकाकासंग सम्वन्धित योजना समेटी एकीकृत नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्ने ।
- बालबालिकाका लागि स्थानीय विकास योजना तयार पारी सोको आधारमा लगानी योजना र सोको कार्यान्वयन साथै बन्ने भवन तथा संरचनाहरु बालमैत्री संरचनाको विकास गरिने छ ।
-

Scanned with CamScanner